म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- ६४ २०८१ माघ ८ गते मंगलबार 21 January 2025, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-




## मकवानपुरबाट १३ गैरआवासीय नेपालीले लिए नागरिकता

# ४ करोड राजश्व संकलन

समाज संवाददाता

हेटौंडा : जिल्ला प्रशासन कार्यालय मकवानपुरले चालु आर्थिक वर्षको ६ महिनामा १३ गैरआवासीय नेपालीलाई नागरिकता वितरण गरेको छ। चालु आर्थिक वर्ष २०८१/०८२ को साउनदेखि पुस महिनासम्मको अवधीमा मकवानपुरबाट १३ जना गैरआवासीय नेपालीले नागरिकता लिएका हुन्। जसमा ११ पुरुष र २ महिला रहेको मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले जानकारी दिनुभयो ।

उहाँका अनुसार चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिमा मकवानपुरबाट ५ हजार ५०७ वटा नयाँ नागरिकताको प्रमाणपत्र जारी भएको छ । जसमा वंशजको आधारमा ५ हजार ४९० वटा जारी भएको उहाँले बताउनुभयो। वंशजको आधारमा २ हजार ५८३ पुरुष र २ हजार ८८६ महिलाले नागरिकताको प्रमाणपत्र लिएका छन् । मकवानपुरमा ४ वटा वैवाहिक अंगीकृत नागरिकता जारी भएको छ। सो अवधीमा मकवानपुरबाट ५ हजार ४७६ वटा नागरिकता प्रमाणपत्रको प्रतिलिपि जारी भएको छ ।

उक्त अवधीमा मकवानपुरबाट ७ हजार ९७० वटा राहदानी सिफारिस गरिएको छ भने सो अवधीमा कार्यालयले २४६ वटा नाबालक परिचयपत्र वितरण गरेको छ। कार्यालयले पुस मसान्तसम्ममा ६३२ वटा अन्य विभिन्न सिफारिसहरु जारी भएको छ । पुस मसान्त भित्रमा मकवानपुरबाट २० हजार ६४५ वटा राष्ट्रिय परिचयपत्रका लागि विवरण संकलन गरिएको छ । उक्त अवधीमा छापिएर आएका ११ हजार वटा राष्ट्रिय परिचयपत्र कार्ड मध्ये वितरण ७ हजार ५९० वटा वितरण गरिएको छ ।

अर्धवार्षिक अवधीमा प्रशासन कार्यालय मकवानपुरले ८६.५७ प्रतिशत मुद्दा फछ्र्यौट गरेको छ। कार्यालयले सो अवधीमा दर्ता भएको ६७ मुद्दा मध्ये ५८ फछ्र्यौट गरेको हो । त्यस्तै गत आर्थिक वर्षबाट जिम्मेवारी सरेका १२ वटा मुद्दा मध्ये ९ वटा (७५ प्रतिशत) फछ्र्यौट गरिएको छ । कार्यालयमा १२२ वटा विभिन्न उजुरी दर्ता भई कारवाही भएको छ ।




प्रशासन कार्यालयले छ महिनाको अवधीमा ४ करोड बढी रकम राजस्व संकलन गरेको छ । उक्त अवधीमा कार्यालयले विभिन्न कार्य सम्पादन तथा बजार अनुगमन र जरीवाना कारवाही वापत ४ करोड ५२ लाख ८ हजार रुपैयाँ राजस्व संकलन गरेको हो। उक्त अवधीमा ३ जनालाई वैदेशिक रोजगारी क्षतिपूर्ति उपलब्ध गराइएको छ । उक्त क्षतिपूर्ति वापत १ लाख ७७ हजार रुपैयाँ वितरण गरिएको हो । पुस मसान्तसम्ममा ९६ जनालाई विपद् राहत वापत ४३ लाख ४० हजार रुपैयाँ उपलब्ध गराइएको छ भने ६ जना सवारी दुर्घटनाबाट पीडितलाई २६ लाख ५० हजार रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराइएको छ । कार्यालयले १२ द्वन्द्व पीडितलाई दिएको राहत वापत ४ लाख ६० हजार रुपैयाँ उपलब्ध गराइएको छ। सो अवधीमा मकवानपुरमा लागूऔषध गाँजा तथा अफिम खेती हुने क्षेत्रहरुमा सुरक्षाकर्मी परिचालन गरी ८९ विगाहा गाँजा खेती नष्ट गरिएको हो । जसमा १ कठ्ठा १७ धुर क्षेत्रको गाँजाको व्याड बेर्ना, ८९ बिगाहा १९ कठ्ठा गाँजा, २४ बिगाहा ३ कठ्ठा अफिम खेति नष्ट गरिएको छ।

कार्यालयले ६ महिनाको अवधीमा कुल विनियोजित बजेट मध्ये चालु तर्फ १ करोड ४१ लाख ८९ हजार रुपैयाँ खर्च गरेको छ भने पूँजीगततर्फ ८ लाख ९६ हजार रुपैयाँ खर्च गरेको छ। प्रमुख जिल्ला अधिकारी चिलुवालका अनुसार मकवानपुरमा शान्ति सुरक्षाको अवस्था चुस्त राख्न अपराध नक्सा सहितको एकीकृत वार्षिक रणनीतिक सुरक्षा योजना र क्षेत्रगत विशेष सुरक्षा योजना तर्जुमा गरी सोही बमोजिम व्यवस्था मिलाइएको छ । शान्ति सुरक्षा, अपराध नियन्त्रण, सेवा प्रवाह सम्बन्धी सचेतनामूलक कार्यक्रम ७० पटक सञ्चालन गरिएको उहाँले बताउनुभयो ।

राजमार्ग अवरोधरहित सञ्चालन गर्न कार्ययोजना र रोष्टर निर्माण गरी कार्यान्वयन गरिएको उहाँले बताउनुभयो । पछिल्लो समय बढ्दै गएको सवारी दुर्घटना न्यूनीकरणका लागि सडक पूर्वाधार मर्मत सम्भार, ट्राफिक संकेतहरुको जडान, सीसी क्यामेरा जडान कार्यलाई स्थानीय तह, सडक आयोजना र सरोकारवाला निकायहरुसँग समन्वय गरी तीव्रता दिइएको उहाँको भनाई छ । चिसोका कारण हुनसक्ने विपद्का घटनाहरुको जोखिम न्यूनीकरण गर्न शीतलहर प्रतिकार्य कार्ययोजना, २०८१ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको उहाँले बताउनुभयो । कारागार कार्यालय भीमफेदीमा रहेका कैदी बन्दीहरुलाई लक्षित गरी कैदीबन्दीसँग सीप कार्यक्रम सञ्चालनको तयारी भइरहेको उहाँले जानकारी दिनुभएको छ ।

# आगो सल्किएर महिलाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बारा जिल्लाको प्रसौनी गाउँपालिकामा आगो लागेर एकजना महिलाको मृत्य भएको छ । मृत्यु हुनेमा बाराको प्रसौनी गाउँपालिका-७, बञ्जरियाकी ७५ वर्षीया रजिया साह कानु छिन् ।

आइतबार बिहान आफ्नो घर अगाडि परालको घुरमा आगो ताप्दा कपडाबाट आगो सल्किएर घाइते भएकी कानुलाई उपचारका लागि प्रादेशिक अस्पताल कलैया पठाइएको जिल्ला प्रहरी कार्यालय बाराले जानकारी दिएको छ । घाइते कानुको दुबै हात, खुट्टा र टाउको जलेर मध्यम अवस्थामा रहेको भन्ने खबर प्रहरीलाई प्राप्त हुनासाथ प्रहरी चौकी गढीबाट प्रहरी सहायक निरीक्षक मन्सुद राउतको नेतृत्वमा प्रहरी टोली खटिएको थियो ।

कलैया अस्पतालबाट विहान करिब ११ बजे थप उपचारका लागि नारायणी अस्पताल बीरगञ्ज रिफर गरिएको थियो । नारायणी अस्पतालले साँझ साढे ५ बजे घाइते कानुलाई थप उपचारका लागि एनएमसी हस्पिटल बीरगञ्ज पठायो । उक्त अस्पतामा पनि उपचार हुन नसकेपछि थप उपचारका लागि काठमाडौं लैजाने क्रममा बाटोमा उनको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

## प्रशिक्षार्थी बजार प्रतिनिधि चाहियो

हेटौंडाबाट सञ्चालन भइरहेको अनलाइन www.samriddhasamaj.com का लागि एकजना प्रशिक्षार्थी बजार प्रतिनिधि आवश्यक भएकोले इच्छुक, योग्य नेपाली नागरिकबाट मिति २०८१ माघ ११ गतेभित्र आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**पद : प्रशिक्षार्थी बजार प्रतिनिधि ।**

संख्या : १ (एक) जना ।

शैक्षिक योग्यता : व्यवस्थापन संकायमा कक्षा १२ उत्तीर्ण । स्नातक अध्ययनरतलाई प्राथमिकता ।

सेवा, सुविधा : प्रशिक्षार्थी अवधि २ महिनाको हुनेछ । सो अवधिसम्म न्यूनतम पारिश्रमिक उपलब्ध गराइनेछ । दुई महिनाको कार्यसम्पादनका आधारमा तेस्रो महिनादेखि आपसी सहमतिमा पारिश्रमिक निर्धारण गरिनेछ ।

**बाञ्छनीय योग्यता**

- कम्प्युटरसम्बन्धी आधारभूत ज्ञानका साथै अनलाइनसम्बन्धी ज्ञान भएको ।
- बजारमा सम्बन्ध, सम्पर्क विस्तार गर्न सक्ने ।
- जनसम्पर्क स्थापित गर्न सक्ने ।
- सञ्चार सीप भएको ।

**पेश गर्नुपर्ने कागजात**

- हस्तलिखित निवेदन एक प्रति ।
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि एक थान ।
- अन्य योग्यताको प्रमाणपत्रको प्रतिलिपि एक थान ।
- पासपोर्ट साइजको फोटो एक थान ।

www.samriddhasamaj.com

**हेटौंडा-४, अजरअमररोड**

**०५७-५२५४५६**

## मउवा संघको अध्यक्ष सल्लाहकारमा पण्डित

# वरिष्ठ उपाध्यक्षमा उप्रेती, सदस्यमा घिमिरे मनोनित

समाज संवाददाता

हेटौंडा : मकवानपुर उद्योग वाणिज्य संघको नवनिर्वाचित समितिको सोमबार बसेको बैठकले अध्यक्ष सल्लाहकारमा विष्णुहरि पण्डितलाई मनोनित गरेको छ। संघका अध्यक्ष प्रमोद सिंह रानाभाटको अध्यक्षतामा बसेको बैठकले संघको सल्लाहकारमा ८ जनालाई मनोनित गर्ने निर्णय गरेको छ ।

संघकी महासचिव प्रतिमा श्रेष्ठका अनुसार बैठकले सल्लाहकारमा आनन्दराम पराजुली, इन्द्रप्रसाद नेपाल, हीरालाल श्रेष्ठ, बालगोपाल कँडेल, सरोज खनाल, नरोत्तम दाहाल, सन्तोषकुमार अर्याल, नरेन्द्र भण्डारीलाई सल्लाहकार मनोनित गरेको छ । संघको विधानअनुसार पूर्वअध्यक्षहरु विशिष्ट सल्लाहकार रहने व्यवस्था छ ।

यस्तै मकवानपुर उद्योग वाणिज्य संघको नवनिर्वाचित समितिको वरिष्ठ उपाध्यक्ष दीपक उप्रेती हुनुभएको छ । निर्वाचित ४ जना उपाध्यक्ष मध्ये ज्येष्ठताका आधारमा उप्रेती वरिष्ठ उपाध्यक्ष हुनुभएको हो । उप्रेतीसँगै काव्यमणि अधिकारी पनि ४ कार्यकाल संघमा निर्वाचित हुनुभए पनि ज्येष्ठताका आधारमा उप्रेती वरिष्ठ उपाध्यक्ष हुनुभएको महासचिव प्रतिमा श्रेष्ठले जानकारी दिनुभयो । उप्रेती उद्योगतर्फ उपाध्यक्ष निर्वाचित हुनुभएको हो भने अधिकारी वस्तुगततर्फ उपाध्यक्ष निर्वाचित हुनुभएको हो। यस्तै वाणिज्यतर्फ राजु अधिकारी र एसोसिएटतर्फ उज्ज्वल चौलागाई निर्वाचित हुनुभएको छ ।

**पुस २७ गते सम्पन्न निर्वाचनबाट प्रमोद सिंह रानाभाटको अध्यक्षतामा नवनिर्वाचित समितिको दोस्रो बैठक सोमबार बसेको हो । संघको कार्यसमितिको नियमित मासिक बैठक १६ गते बस्ने यसअघिको व्यवस्थालाई नै निरन्तरता दिने निर्णय भएको महासचिव श्रेष्ठले बताउनुभएको छ ।**

सोमबार बसेको संघको कार्यसमिति बैठकले उद्योगतर्फको कार्यसमिति सदस्यमा कृष्णप्रसाद घिमिरेलाई मनोनित गर्ने निर्णय गरेको छ भने वाणिज्यतर्फ महिला सदस्य भने मनोनित गरिएको छैन। प्रमोद सिंह रानाभाटको अध्यक्षतामा नवनिर्वाचित समितिको दोस्रो बैठकले पदाधिकारीहरुको वरियता समेत निर्धारण गरेको छ ।

संघको रोजगारदाता परिषद् संयोजकमा उपाध्यक्ष उज्ज्वल चौलागाई नियुक्त हुनुभएको छ। यस्तै महिला उद्यमी विकास समितिको सभापतिमा कार्यसमिति सदस्य सीतादेवी भेटवाललाई जिम्मेवारी दिने निर्णय भएको संघकी महासचिव प्रतिमा श्रेष्ठले जानकारी दिनुभयो । महासचिव श्रेष्ठका अनुसार कर परामर्शदातामा प्रदीप अर्याल र सूचना प्रविधि परामर्शदातामा किशोर अर्याललाई जिम्मेवारी दिने निर्णय भएको छ । पुस २७ गते सम्पन्न निर्वाचनबाट प्रमोद सिंह रानाभाटको अध्यक्षतामा नवनिर्वाचित समितिको दोस्रो बैठक सोमबार बसेको हो । संघको कार्यसमितिको नियमित मासिक बैठक १६ गते बस्ने यसअघिको व्यवस्थालाई नै निरन्तरता दिने निर्णय भएको महासचिव श्रेष्ठले बताउनुभएको छ ।



# सम्पादकीय

## नियमानुसार रकम भुक्तानी

मुलुकको विकास निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका सार्वजनिक निर्माण क्षेत्रमा धेरै समस्या उत्पन्न भएका छन् । सरकारले निर्माण गर्ने विभिन्न भौतिक पूर्वाधारहरु प्रतिस्पर्धाको आधारमा निर्माण व्यवसायीले निर्माण गर्दछन् । सरकारले बजेट लगानी गर्ने र निर्माणको जिम्मा निर्माण कम्पनीहरुले लिने गर्दछन् । कुनै पनि सार्वजनिक निर्माण कार्य गर्न सरकारले सार्वजनिकरुपमा बोलपत्र (ठेक्का) आह्वान गर्दछ । इच्छुक निर्माण व्यवसायीले सरकारले तोकेको मापदण्डभित्र रहेर निर्माण कार्यका लागि बोलपत्र पेश गर्दछन् । निर्माण व्यवसायीले पेश गरेको बोलपत्रको आर्थिक, प्राविधिक अध्ययन र मूल्याकनपश्चात् सरकारले प्रतिस्पर्धामा अब्बल देखिएको निर्माण व्यवसायीलाई काम जिम्मा दिने निर्णय गर्दछ । सरकारी अधिकारी र निर्माण कम्पनीको प्रतिनिधिबीच निर्माण कार्यको सम्झौता हुन्छ । निर्माण कम्पनीले सम्झौताबमोजिम निर्माण कार्य अघि बढाउँछ र सरकारले त्यसबापतको रकम भुक्तानी गर्दै जान्छ ।

सरकार र निर्माण व्यवसायी दुबैको समन्वय र सहकार्यबाट गुणस्तरीय भौतिक संरचना निर्माण हुनसक्छ । सार्वजनिक निर्माण क्षेत्रमा सरकार र निर्माण व्यवसायी दुबै पक्ष इमान्दार, उत्तरदायी र जवाफदेही नहुँदा विविध समस्या आउने गरको छ भने निर्माण भएका संरचना कमजोर बन्ने गरेका छन् । सरकारको कतिपय नीति, नियम र निर्माण व्यवसायीको कमजोरीले विकास निर्माणका काममा अनावश्यक ढिलासुस्ती समेत भइरहेका छन् । यसले निर्माण व्यवसायी र सरकार दुबै पक्षलाई आर्थिक भार बढाउँछ भने आम नागरिकले अनावश्यक सास्ती व्यहोर्नु पर्छ । निर्माण कार्यका लागि गरिएको सम्झौताबमोजिम अधिकांश निर्माण व्यवसायीले समयमै काम सम्पन्न गर्दैनन् भने सरकारले पनि समयमै निर्माण व्यवसायीलाई भुक्तानी दिइरहेको हुँदैन । निर्माण व्यवसायीले सरकारबाट पाउनुपर्ने भुक्तानी समयमै नपाएको भन्दै असन्तुष्टि जनाउँदै आएको छ ।

सरकारले निर्माण व्यवसायीको अर्बौं रकम भुक्तानी नगरेको भन्दै निर्माण व्यवसायी महासंघले आन्दोलन घोषणा गरेको छ । जिल्ला प्रशासन कार्यालयहरुमार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै निर्माण व्यवसायीले चरणबद्ध आन्दोलनको घोषणा गरेका हुन् । आइतबार निर्माण व्यवसायी महासंघ मकवानपुरले पनि जिल्ला प्रशासन कार्यालय मकवानपुरलाई १४ बुँदे मागसहित ध्यानाकर्षणपत्र बुझाएको छ । महासंघले आफ्नो माग पूरा गराउन प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, विभिन्न राजनीतिक दलका अध्यक्ष, सम्बन्धित संघीय सरकारी निकाय, मुख्यमन्त्री र सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई माघ १५ गतेसम्मको अल्टिमेटम दिएर ज्ञापनपत्र बुझाएको हो । माग पूरा नभए माघ १८ गते राजधानीको माइतीघर मण्डलामा धर्ना, २० गते प्रधानमन्त्री निवास बालुवाटारमा धर्ना, २१ गतेदेखि राजधानी प्रवेश गर्ने पूर्व र पश्चिम नाकाहरु ठप्प पार्ने, तत्पश्चात् पनि माग पूरा नभए राष्ट्रिय गौरवका आयोजनासहित सबै खालका निर्माण कार्य ठप्प पारी आन्दोलनका सशक्त कार्यक्रम घोषणा गर्ने व्यवसायीको तयारी छ ।

सरकारको नीति, नियम तथा कानुनी व्यवस्था निर्माण व्यवसायीमैत्री नभएको निर्माण व्यवसायीको आरोप छ । पछिल्लो समय सिमेन्टलगायतका निर्माण सामग्रीमा भएको मूल्यवृद्धि एवम् कालोबजारीले पनि निर्माण व्यवसायी मारमा परेका छन् । सरकारबाट निर्माण व्यवसायीले पाइरहेका सुविधा तथा सहुलियतमा भएको कटौतीप्रति पनि निर्माण व्यवसायीको असन्तुष्टि छ । भौतिक विकासका लागि निर्माण व्यवसायी र सरकार एक-अर्काका परिपूरक हुन् । निर्माण व्यवसायीले सम्झौतामा उल्लेखित मापदण्ड र प्रचलित नीति, नियमभित्र रहेर सम्पन्न गरेको निर्माण कार्यको भुक्तानी सरकारले गर्नुपर्छ । समयमै बजेट खर्च गर्न नसकेर आलोचित बनिरहेको सरकारले निर्माण व्यवसायीको जायज माग सम्बोधन गरेर उनीहरुको बक्यौता रकम भुक्तानी गर्नुपर्छ । निर्माण व्यवसायीले पनि सरकारसँग मागमात्र गर्ने होइन कि आफूले जिम्मा लिएको निर्माण कार्य मापदण्ड अनुसार समयमै सम्पन्न गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : नयाँ कामको थालनी हुने समय योग रहेको छ ।
**वृष** : नैराश्यता र चिडचिडेपन बढ्न सक्ने योग छ ।
**मिथुन** : पारिवारिक जमघट बढ्ने समय योग छ ।
**कर्कट** : साहित्यिक कार्यमा मन जाने समय योग छ ।
**सिंह** : रोकिएको धन हात पर्न प्रयास गर्नुपर्ला ।
**कन्या** : मन कमजोर र मानसिक तनाव बढ्ने छ ।
**तुला** : बुद्धि र विवेकको उपयोगले काममा पूर्णता प्राप्त होला ।
**वृश्चिक** : कामधन्दामा मज्जाले खट्नुपर्ने समय छ ।
**धनु** : धार्मिक एवम् पारम्परिक काममा सरिक भइएला ।
**मकर** : संयमताले काम अगाडि बढाउँदा राम्रो ।
**कुम्भ** : रमाइलो यात्रामा सरिक भइने समय योग छ ।
**मीन** : स्वास्थ्य स्थितिमा ध्यान पुऱ्याउँदा राम्रो रहन्छ ।

# दलीयकरण र दोयम-क्षमताले थलिएको त्रिवि



**उज्ज्वल खड्का**

नेपालको सबैभन्दा पुरानो र ठूलो त्रिभुवन विश्वविद्यालय दलीयकरणको चरम मारमा परेको छ। त्रिभुवन विश्वविद्यालय राजनीतिक दलहरुको अघोषित सैन्य शिविर जस्तै भएको छ। विश्वविद्यालयमा दलहरुका भ्रातृ संगठनको धर्ना, तालाबन्दी, चन्दा आतंक र तोडफोडको रंगमञ्च बनेको छ । केन्द्रीय क्याम्पसका विभागीय प्रमुखदेखि पदाधिकारी नियुक्तिको प्रमुख आधार दलीय आबद्धता रहेको छ ।

राजनीतीकरण र दोयम-क्षमता (मिडियोक्रिटी) ले थला परेको त्रिविलाई प्राज्ञिकता र मेरिटका आधारमा हुने नियुक्तिले मात्र सुधार गर्न सक्छ। त्रिभुवन विश्वविद्यालयको अहिलेको संरचनाले दोयम क्षमतालाई निरुत्साहित गर्न सक्दैन । व्यापक संरचनात्मक सुधार बाहेक विश्वविद्यालय सुधारका अन्य कुरा फगत गफ सावित भइसकेका छन् ।

मेरिटका आधारमा नियुक्ति भनिए पनि केही समय अगाडि नियुक्त भएका डीन र क्याम्पस प्रमुखहरु भागबन्डाको आधारमा भएपछि यसपटकका नियुक्तिहरु पुराना नियुक्तिको पुनरावृत्तिको निरन्तरता प्रमाणित भइसकेको छ। राजनीतिक दलमा नलागेका र तिनका प्राध्यापक संगठनका नेता नभएका प्राध्यापकहरुलाई त्रिभुवन विश्वविद्यालयमा काम गर्न अप्ठ्यारो अवस्था छ । सरकारको उदासीनता र दलहरूको आक्रामकताका बीच त्रिभुवन विश्वविद्यालयको उन्नयन सम्भव छैन ।

प्रधानमन्त्री कुलपति रहेको विश्वविद्यालयको सबैभन्दा उपल्लो निकाय त्रिवि सभा (सिनेट)मा केही सिनेटहरुको अमर्यादित प्रस्तुतिले विषयको गम्भीरतालाई बुझ्न सकिन्छ । त्रिभुवन विश्वविद्यालय बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनादेखि निरन्तर रुपमा दलीयकरणको छायाँमा परेको छ । अझै अगाडि बढेर भन्नुपर्दा राजनीतिक दल र तिनका भ्रातृ संगठनहरु विश्वविद्यालयमा समस्याका स्रोत बनेका छन्।

आदिम साम्यवादी समाजदेखि सिलिकन भ्यालीलाई बुझ्ने, ग्रामीण अनौपचारिक अर्थतन्त्रदेखि ब्रेटन वुड इन्स्टिच्युसनलाई नियाल्न सक्ने, धर्म संस्कृतिदेखि प्रविधि बुझ्ने जनशक्ति निर्माणको जग विश्वविद्यालय हो । प्रत्येक दिन विश्व व्यवस्था आइरहेका उतारचढावहरूले नेपाललाई प्रत्यक्ष-अप्रत्यक्ष प्रभाव पारिरहेको छ । प्रत्येक दिन आउने यस्ता खालका चुनौतीलाई मौलिक ढंगले सामना गर्न बनेका राज्यका निकायहरुलाई नेपाली विश्वविद्यालयहरुले मार्गदर्शन गर्न सकिरहेका छैनन् ।

नेपाल भौगोलिक, सांस्कृतिक विविधताले अत्यधिक सम्भावनाको देश रहेतापनि राजनीतिक कारणहरुले नयाँ पुस्ता र प्राज्ञिक समुदायको उन्नयनलाई अवरोध गरिरहेको छ। आजको आवश्यकता नेपालको अर्थ-सामाजिक परिवेशलाई विश्व अर्थ-सामाजिक व्यवस्थासँग तुलना गर्दै सम्भावना खोजी गर्ने नेतृत्व हो ।

त्रिभुवन विश्वविद्यालय बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनादेखि निरन्तर रूपमा दलीयकरणको छायाँमा परेको छ । अझै अगाडि बढेर भन्नुपर्दा राजनीतिक दल र तिनका भ्रातृ संगठनहरू विश्वविद्यालयमा समस्याका स्रोत हुन्। त्रिविमा संरचनात्मक तहमा व्यापक र निर्मम सुधारको आवश्यकता छ । राजनीतिक दलहरूले निर्माण गरेका भ्रातृ संगठनहरुको वर्तमान संरचनाले त्रिभुवन विश्वविद्यालयको भविष्यलाई खतरामा पारेको छ। राजनीतिक दल र त्रिभुवन विश्वविद्यालयका मुख्य स्टेकहोल्डरहरु त्रिवि सुधारमा संवेदनशील हुनैपर्छ । दलहरुले विश्वविद्यालयलाई फगत कार्यकर्ता उत्पादन गर्ने थलोको रुपमा लिनु संवेदनशील विषय रहेको छ ।

विश्वविद्यालय सुधारमा राज्यको संवेदनशीलता देखाइरहेको छैन। प्राध्यापक, कर्मचारी र प्राध्यापकको दलीय आवद्धताले त्रिभुवन विश्वविद्यालय सेन्टर फर एक्सलेन्सीको बाटोमा नभएर सेन्टर फर पोलिटिकल ट्र्यापबाट निसासिएको छ । त्रिभुवन विश्वविद्यालय जुन मर्म अनुसार स्थापना भएको थियो त्यो अनुसार अगाडि बढ्न सकिरहेको छैन ।

जतिबेला उपनिवेशहरूको अन्त्य हुँदैथियो नयाँ-नयाँ राज्यहरु निर्माण हुने क्रम चलिरहेको थियो उक्त कालखण्डमा नेपालमा राजनीतिक सम्प्रभुताको बहसले सार्वजनिक बहसका विषय बन्थे त्यही कालखण्डमा नेपालको शैक्षिक सम्प्रभुतालाई समेत ध्यानमा त्रिभुवन विश्वविद्यालय स्थापना भएको हो। उच्च शिक्षाका लागि विश्वविद्यालयको स्थापना तत्कालीन राजनीतिक नेतृत्वले सुझबुझपूर्ण कदम चालेको विषय महत्वपूर्ण छ ।

आधुनिक राज्यको नरम शक्ति विश्वविद्यालयमा केन्द्रित रहेको हुन्छ । वैश्विक अर्थतन्त्र ग्लोबल नर्थतर्फ केन्द्रित हुनुमा विश्वविद्यालयका अनुसन्धानहरु प्रमुख रहेका थिए । औद्योगिक क्रान्तिपछि पश्चिमा राष्ट्रहरूका विश्वविद्यालयमा हुने अनुसन्धान, औद्योगिक राज्यमा चाहिने जनशक्ति, औद्योगिक क्रान्तिताका भएको श्रमजी वर्गमाथि भएको शोषण र प्रभावका विषयमा रहेका व्यापक बहसले पश्चिमा जगतले आजको स्वरूप लिन पुगेको हो ।

ग्लोबल नर्थबाट ग्लोबल साउथतर्फ अघि बढिरहेको आर्थिक शक्तिले नेपालको महत्व पनि बढ्ने भएको छ । नेपाल पुनः दुई ठूला अर्थतन्त्रको बीचमा अनट्रपोको भूमिकामा रहेर आर्थिक सामाजिक उन्नति हासिल गर्न सक्छ ।

वैश्विक परिवर्तनलाई सूक्ष्म ढंगबाट महसुस गर्न सक्नु र त्यही अनुसार हाम्रो आर्थिक, सामाजिक र राजनीतिक संस्थाहरुको निर्माण गरेर मात्र नेपालले आफ्नो राष्ट्रिय हित हासिल गर्न सक्छ । राष्ट्रिय हित हासिल गर्ने जनशक्ति निर्माण गर्न नेपाली विश्वविद्यालयहरु सक्षम हुन आवश्यक छ । विश्वविद्यालयहरु सक्षम बनाउन अहिलेको संरचनालाई परिवर्तन गरेर सुधारका पहलहरु बढाउन जरुरी छ ।

**बोर्ड अफ ट्रस्टिज मार्फत विश्वविद्यालय सञ्चालन हुनुपर्छः**

नेपालका विश्वविद्यालयको प्रमुख समस्या उच्च-शिक्षाबारे एकेडेमिक कन्साइन्स भएको बृहद् बुझाइ/समझदारी नभएको राजनीतिक नेतृत्वबाट विश्वविद्यालय सञ्चालन नहुनु हो। प्राज्ञिक संस्थाहरु राजनीतिक संस्थाको छायाँमा पर्नुहुँदैनथ्यो तर नेपालमा त्यो भयो ।

प्राज्ञिक समुदायद्वारा मार्गनिर्देशित हुने गरी बोर्ड अफ ट्रस्टिज मार्फत विश्वविद्यालयहरु सञ्चालन हुनुपर्छ र प्रधानमन्त्री कुलपति हुने व्यवस्था हटाउनुपर्छ। विश्वविद्यालयलाई राजनीतिक नेतृत्वबाट टाढा राख्दै प्राज्ञिक नेतृत्वबाट सञ्चालन गर्ने हो भने नेपाली विश्वविद्यालयहरुले उन्नयनको बाटो समात्नेमा शंका गर्ने कम ठाउँ रहनेछ । नियुक्तिको प्रक्रियामा दोयम क्षमता भन्दा मेरिटोक्रेसीले ठाउँ पाउनेछ ।

प्राज्ञिक नेतृत्व मार्फत सञ्चालित रहेका विश्वविद्यालयहरुले उत्कृष्टता हासिल गरिरहेका छन्। हार्वर्ड विश्वविद्यालयमा बोर्ड अफ ओभरसिज र हार्वर्ड कर्पोरेसन, नेसनल युनिभर्सिटी अफ सिंगापुर बोर्ड अफ ट्रस्टिज मार्फत सञ्चालित छ । भारतको जवाहरलाल नेहरु विश्वविद्यालय एक्जिक्युटिभ काउन्सिल मार्फत प्राज्ञिक नेतृत्वबाट सञ्चालित छन् ।

**सबैको पहुँच तर कठिन प्रवेश**

विश्वका प्रतिष्ठित विश्वविद्यालयहरुमा विद्यार्थीको प्रवेशलाई कठिन काम मानिन्छ । प्रतिष्ठित विश्वविद्यालयहरुमा मेरिटका आधारमा मात्र विद्यार्थीले प्रवेश पाउँछन् । त्रिभुवन विश्वविद्यालयहरुमा निश्चित संकायहरु बाहेक अन्यमा प्रवेशको सहजताले राजनीतिक समस्या र गुणस्तरमा प्रभाव पारेको छ । आईओई, आईओएमका प्रवेश परीक्षाहरु कठिन हुने भएकाले त्यहाँ तुलनात्मक रुपमा व्यक्ति र संगठनहरूले उत्पन्न गर्ने समस्याहरु कम छन् ।

मानविकी, व्यवस्थापन र शिक्षा संकायमा रहेको सहज प्रवेशले विश्वविद्यालयको इकोसिस्टमलाई नराम्ररी प्रभावित पारेको छ । सहज प्रवेशले विद्यार्थी विषय विज्ञता हासिल गर्न सक्दैन भने अर्कोतर्फ विश्वविद्यालयको पढाइलाई विकल्पका रूपमा मात्र राखेको पाइन्छ। सहज प्रवेशले हरेक दुई वर्षमा हुने स्ववियु निर्वाचनमा निर्वाचन हुने वर्षमा विद्यार्थीको भर्नादर एक्कासी बढ्ने तर अन्तिम परीक्षामा समावेश नहुने परिस्थिति छ । यदि विश्वविद्यालयले लिने प्रवेश परीक्षालाई कडाइ गर्ने हो र मेरिटका आधारमा प्रवेश गराउने हो भने पढ्नैका लागि मात्र विद्यार्थीहरु विश्वविद्यालय प्रवेश गर्नेछन् ।

**दलीय संगठन खारेजी**

त्रिभुवन विद्यालयमा दलीय प्राध्यापक, कर्मचारी र विद्यार्थी संगठनहरु समस्याका स्रोतका रुपमा स्थापित भएका छन्। दलको दलाली गर्ने प्राध्यापक लगायत कर्मचारी र विद्यार्थी संघ-संगठनहरु आफ्नो कर्तव्यभन्दा बढी नियुक्ति, बढुवा, सरुवा, धर्ना, आन्दोलन र दलीय कार्यक्रमहरूमा बढी सहभागी भइरहेका छन् ।

विश्वविद्यालयको तलब खाएर दलीय औजारका रुपमा रहेका प्राध्यापक र कर्मचारी संगठनको खारेजी गर्नका लागि राज्य जिम्मेवार बन्नुपर्छ। विद्यार्थी संगठनको हकमा प्रवेश परीक्षामा भएका भ्वाङहरु टाल्ने हो भने नियन्त्रण भइहाल्छन् किनभने सहज प्रवेशले विद्यार्थी संगठनले उद्दण्डता मच्चाइरहन सकेका छन् ।

**भीमकाय संरचनाको पुनरावलोकन**

त्रिभुवन विश्वविद्यालयको भीमकाय संरचनाको पुनरावलोकन आवश्यक भइसकेको छ । राजनीतिक र वित्तीय लाभका लागि त्रिवि नेतृत्व र राजनीतिक नेतृत्वले २०४६ साल र २०६२/६३ पछिको परिवर्तनपछि जसरी कर्पोरेट शैलीमा सम्बन्धनहरू बाँडिए त्यसले त्रिभुवन विश्वविद्यालयलाई नराम्ररी थिचेको छ ।

ठूला क्याम्पसहरुलाई छुट्टाछुट्टै मानित विश्वविद्यालयमा परिणत गरेर सम्बन्धन नदिने गरी मापदण्ड बनाएर त्रिभुवन विश्वविद्यालयलाई भीमकाय संरचनाको भारबाट उकास्नुपर्छ । धेरै मानित विश्वविद्यालयहरु हुँदा कुनै विश्वविद्यालय अरु केहीभन्दा उच्च कोटिका बन्दै जानेछन् र केही विधामा उत्कृष्टता हासिल गर्नेछन् । मानित र स्वायत्त विश्वविद्यालय बनाउन त्रिभुवन विश्वविद्यालय, सरकार, सदन लगायत सबै जिम्मेवार भएर अगाडि बढ्दा उच्च-शिक्षामा परिवर्तनका ढोकाहरु खुल्नेछन् ।

*(लेखक त्रिवि केन्द्रीय विभागमा राजनीतिशास्त्रका विद्यार्थी हुन् । स्रोतः अनलाईनखबर)*

# लघु जलविद्युत परियोजना उपेक्षित किन ?

**दुनबहादुर बुढाथोकी**

विश्वका हरेक मुलुकमा जलविद्युत उत्पादनको थालनी लघु जलविद्युत आयोजनाबाट भएको पाइन्छ । पहिलो पटक जलविद्युत उत्पादन थालनी भएको अमेरिका, हाल सर्वाधिक जलविद्युत उत्पादन गरिरहेको चीन, भारत, भुटान र नेपालमा जलविद्युत उत्पादन थालनीको प्रारम्भ लघु जलविद्युत आयोजनाबाट भएको हो ।

सन् १८८२ मा अमेरिकाले १२ किलोवाट क्षमताको आयोजनाबाट, सन् १८९१ मा नर्वेले ८८ किलोवाट क्षमताको आयोजनाबाट, सन् १८९७ मा भारतले १ सय ३० किलोवाट क्षमताको आयोजनाबाट, १९१२ मा चीनले २ सय ४० क्षमताको आयोजनाबाट, सन् १९६७ मा भुटानले ३ सय ६० क्षमताको आयोजनाबाट जलविद्युत उत्पादनको थालनी गरेका हुन् ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका अनुसार, नेपालमा लघु जलविद्युत आयोजनाको इतिहास झन्डै ६२ वर्ष पुरानो छ । सन् १९६२ मा जापान सरकार (जाइका) को सहयोगमा ललितपुर स्थित गोदावरीमा जडान भएको ५ किलोवाटको आयोजनालाई नै मुलुकको पहिलो लघु जलविद्युत आयोजना मानिन्छ। तत्पश्चात् मुलुकका हिमाली र पहाडी क्षेत्रमा ३ हजार ५ सय लघु जलविद्युत आयोजना निर्माण भई सञ्चालनमा आएको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको तथ्यांकमा उल्लेख छ ।

कृषि विकास बैंक र तत्कालीन बुटवल इन्जिनियरिङ कम्पनीद्वारा लघु जलविद्युत विकासमा योगदान रहँदै आएको छ । कृषि विकास बैंकले लघु जलविद्युत आयोजना निर्माणका लागि आवश्यक ऋण उपलब्ध गराई प्रोत्साहन गर्ने गरेको छ । त्यस्तै, प्राक्टिल एक्सन, स्वीस डेभलपमेन्ट बैंक (एडिसी), संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) लगायतका संस्थाहरूले लघु जलविद्युत आयोजना विकासमा योगदान पुऱ्याएका छन् ।

के-कति क्षमताको आयोजनालाई लघु जलविद्युतको संज्ञा दिने भन्ने जहाँसम्म सवाल छ, सन् १९७५ मा गठित साना जलविद्युत विकास बोर्डले १ सय किलोवाट क्षमतासम्मको आयोजनालाई लघु जलविद्युत, १ सय किलोवाट देखि ५ मेगावाट क्षमतासम्मको आयोजनालाई साना, ५ देखि ५० मेगावाट क्षमतासम्मका आयोजनालाई मझौला र ५० मेगावाटभन्दा अधिक क्षमतालाई ठूला आयोजना उल्लेख गरको पाइन्छ। त्यस्तै, नवीकरणीय ऊर्जा अनुदान नीति, २०१२ (२०६९) ले १० किलोवाटसम्मको आयोजनालाई पिको हाइड्रो, १० देखि १ सय किलोवाटसम्मको आयोजनालाई माइक्रो हाइड्रो (लघु जलविद्युत), १ सयदेखि १ हजार किलोवाटसम्मको आयोजनालाई मिनी हाइड्रो (साना जलविद्युत) को संज्ञा दिएको छ। वस्तुतः १ किलोवाटसम्म क्षमता रहेका र राष्ट्रिय ग्रिडमा जडान नभएका आयोजनालाई लघु जलविद्युत मानिएको छ । यस हिसाबले सन् २०११ (वि.सं. १९६८) मा निर्मित ५ सय किलोवाटको फर्पिङ जलविद्युत आयोजना मिनी हाइड्रोअन्तर्गत पर्छ। यस हिसाबले जाइकाको सहयोगमा ललितपुरको गोदावरीमा निर्मित ५ किलोवाटको जलविद्युत आयोजना मिनी हाइड्रोअन्तर्गत नभई पिको हाइड्रोअन्तर्गत पर्छ ।

राज्यले लघु जलविद्युत आयोजनामा अनुदान दिँदै आएको छ । प्रारम्भमा १ सयदेखि ५ सय किलोवाटसम्मका आयोजनालाई अनुदानको व्यवस्था रहेकोमा पछि १ मेगावाटसम्मको आयोजनालाई अनुदान उपलब्ध गराएको पाइन्छ। वस्तुतः सरकारी अनुदान, दातृ निकायको सहयोग र विकास साझेदार संस्थाको प्राविधिक संलग्नतामा लामो समयदेखि यसक्षेत्रको प्रवर्द्धन हुँदै आएको छ । सोही कारण दुर्गमका गाउँ, पाखा र टाकुराहरूमा बिजुली बल्ने गरेको हो ।

सुरुदेखि लघु जलविद्युत विकासमा योगदान पुऱ्याउँदै आएको कृषि विकास बैंकले सन् १९६८ देखि सरकारको नीतिअनुसार १ सय किलोवाटभन्दा साना जलविद्युत परियोजना निर्माण तथा सञ्चालनका लागि अनुदान उपलब्ध

...बाँकी पृष्ठ ३ मा

# महेन्द्र माविको व्यवस्थापन समितिले पूर्णता पाएन




*अभिभावक भेलाको अवसरमा विद्यार्थीलाई पुरस्कृत गर्नुहुँदै प्रमुख अतिथि बागमती प्रदेश सभा सदस्य एका लाल श्रेष्ठ । फाइल तस्वीर ।*

समाज संवाददाता

हेटौंडा : हेटौंडा-१३, पदमपोखरीस्थित महेन्द्र माध्यमिक विद्यालयको व्यवस्थापन समितिले पूर्णता पाउन सकेको छैन । गत भदौ ३० गते अभिभावक भेला सम्पन्न गरेको विद्यालयले अझै व्यवस्थापन समितिलाई पूर्णता दिन नसकेको हो । व्यवस्थापन समितिमा अभिभावकतर्फबाट प्रतिनिधित्व गर्ने आकांक्षीको संख्या धेरै हुँदा अभिभावक प्रतिनिधि चयन गर्न नै गाह्रो भएको थियो ।

विद्यालयका प्रधानाध्यापक विष्णु श्रेष्ठका अनुसार अभिभावकबाट ४ जना छनोट गर्नुपर्नेमा २५ जना आकांक्षी थिए । २५ जना आकांक्षी मध्ये राजकुमार मैनाली, नवराज बलामी, राधा ओझा र आशामाया वाईबालाई पुस १८ गते व्यवस्थापन समितिको सदस्यमा सर्वसम्मत चयन गरेको थियो । शिक्षाप्रेमी, चन्दादाता, बुद्धिजीवी, समाजसेवी १ जना महिलासहित २ जना मनोनित गर्नुपर्ने व्यवस्था छ । २ जना छनोट गर्नुपर्नेमा ६ जना आकांक्षी भएपछि समस्या भएको प्रधानाध्यापक श्रेष्ठले जानकारी दिनुभयो । २ जना सदस्य मनोनित गर्न नसक्दा व्यवस्थापन समितिलाई पूर्णता दिन नसकेको प्रधानाध्यापक श्रेष्ठले जानकारी दिनुभयो ।

केही दिनमै २ जना सदस्य मनोनित गरेर व्यवस्थापन समितिलाई पूर्णता दिने उहाँको भनाइ छ । विद्यालय व्यवस्थापन समिति गठन गर्ने गरी अभिभावक भेलाका लागि हेटौंडा उपमहानगरपालिकाको शिक्षा महाशाखाबाट अधिकृत हरिचन्द्र सापकोटा प्रतिनिधि रहनुभएको छ । यसअघिको विद्यालय व्यवस्थापन समितिको कार्यकाल २०८० साल चैत १३ गते सकिएको थियो । १२ कक्षासम्म पठनपाठन हुने विद्यालयमा ९ सय ८९ जना विद्यार्थी अध्ययनरत् छन् । विद्यालयमा अंग्रेजी र नेपाली माध्यममा पठनपाठन भइरहेको छ । शिक्षक दरबन्दी कम र निजी स्रोतका शिक्षक र कर्मचारी बढी हुँदा आर्थिक भार बढी रहेको प्रधानाध्यापक श्रेष्ठले जानकारी दिनुभयो ।

विद्यालय बस सञ्चालनमा समस्या रहेको उहाँको भनाई छ । बस सञ्चालनका लागि ईन्धनमा मात्रै मासिक ७० हजार रुपैयाँ खर्च हुने गरेको र विद्यार्थीबाट पैसा उठ्न मुस्किल पर्दा बस सञ्चालनमा समस्या भएको उहाँले बताउनुभयो । बस सेवा लिने विद्यार्थीबाट विद्यालयले मासिक ५ सय रुपैयाँ बसभाडा लिने गरेको पनि बस सञ्चालन खर्च व्यवस्थापन हुन सकेको छैन ।

# विद्यार्थीलाई डिजिटल मार्केटिङ्सम्बन्धी कार्यशाला




समाज संवाददाता

हेटौंडा : मकवानपुर बहुमुखी क्याम्पसले डिजिटल मार्केटिङ्गसम्बन्धी ५ दिवसीय कार्यशालाको आयोजना गरेको छ । सोमबार क्याम्पसले स्नातक तहमा अध्ययरत (विविए र विविएम छैठौं सेमेस्टर) विद्यार्थीका लागि कार्यशाला आयोजना गरेको क्याम्पस प्रमुख डा. यम बहादुर सिलवालले जानकारी दिनुभयो ।

अहिलेको समय डिजिटल प्रविधिको भएकोले विद्यार्थीले विभिन्न सामाजिक सञ्जालको माध्यमबाट अनलाइन व्यवसाय नै सञ्चालन गरिरहेको सन्दर्भमा त्यसलाई अझ प्रभावकारी बनाउन सहयोग पुग्ने उद्देश्यले कार्यशालाको आयोजना गरिएको क्याम्पस प्रमुख सिलवालले जानकारी दिनुभयो । सञ्चार प्रविधिको विकासले घरबाटै व्यवसाय सञ्चालन गर्न सकिने सम्भावनाका विषयमा पनि विद्यार्थीलाई जानकारी दिने गरी कार्यशालाको आयोजना गरिएको उहाँको भनाइ छ । शनिबारसम्म संचालन हुने कार्यशालामा १०६ जना विद्यार्थीको उपस्थिति रहेको छ ।

कार्यशालाको उद्घाटन कार्यक्रम मकवानपुर क्याम्पसको विविए र विविएम कार्यक्रम निर्देशक मधु कुमार सिंहको सभाध्यक्षता तथा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यमा भएको थियो । पौडेल मकवानपुर बहुमुखी क्यामपस सञ्चालक समितिको निवर्तमान अध्यक्ष समेत हुनुहुन्छ । कार्यशालामा क्याम्पस प्रमुख यम बहादुर सिलवाल, सहायक प्रमुख संगम चौलागाई, उत्तम अर्यालको आतिथ्य रहेको थियो । कार्यशालामा डिजीटेक कम्पनिका निर्देशक किरण दहालले सहजीकरण गर्नुहुनेछ ।

## लघु जलविद्युत...

गराएको पाइन्छ । तत्कालीन समयमा पानी मिलमा जेनेरेटर जडान गरी विद्युतीकरण गर्न ५० प्रतिशतसम्म अनुदान उपलब्ध गराइएको थियो । त्यस्तै, लघु जलविद्युत विकासका लागि सन् १९८० (वि.सं. २०४०) को दशकमा लघु जलविद्युतलाई लक्षित गरी ५-६ दर्जन उपकरण निर्माता कम्पनी स्थापना हुन पुगेका थिए । यसरी सन् १९८० को दशकमा लघु जलविद्युतमा नेपाल अग्रणी मुलुकको रूपमा स्थापित भइसकेको थियो । जहाँ लाओस, कम्बोडिया, भुटानजस्ता मुलुकमा नेपालमा निर्मित टर्बाइनहरू बिक्री हुने गरेको पाइन्छ; अर्थात् १९८० को दशकमा नेपालले आफूलाई लघु जलविद्युत उपकरण विक्रेताको रूपमा स्थापित गर्न सफल भएको थियो ।

सन् १९९६ (वि.सं. २०५३) मा नवीकरणीय ऊर्जा क्षेत्रको विकास एवं प्रवर्द्धनका लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र स्थापना गर्ने कार्य भयो । सन् १९९६ मा संयुक्त राष्ट्रसंघीय विकास कोषको सहयोगमा ग्रामीण ऊर्जा विकास कार्यक्रम प्रारम्भ गरियो । लघु तथा साना जलविद्युत विकास तथा प्रवर्द्धनमार्फत ग्रामीण जीवन उठान गर्नु उक्त कार्यक्रमको प्रमुख उद्देश्य थियो ।

नवीकरणीय ऊर्जा अनुदान नीति, २००० (वि.सं. २०५७) अनुसार लघु जलविद्युत विकासका लागि प्रतिकिलोवाट ७० हजार रुपैयाँ अनुदानको दिने व्यवस्था रहेकोमा उक्त नीति संशोधन गरी प्रतिकिलोबाट २ लाख ८५ हजार रुपैयाँ पुऱ्याइएको पाइन्छ । लघु जलविद्युत आयोजनालाई अनुदान उपलब्ध गराउने प्रयोजनका लागि भौगोलिक अवस्थाअनुरूप अति दुर्गम, दुर्गम र सुगम क्षेत्र निर्धारण गरी तदनुरुप अनुदानको व्यवस्था गरिएको छ ।

राष्ट्रिय प्रसारणलाइनबाट विद्युत उपलब्ध नभएका क्षेत्रमा निर्माण हुने १ मेगावाटसम्मका लघु तथा साना जलविद्युत आयोजनाबाट वास्तविक उत्पादित ऊर्जा वा खुद खपतका आधारमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले अनुदान उपलब्ध गराइने गरेको छ । नेपाल विद्युत प्राधिकरणले राष्ट्रिय ग्रिडमार्फत बिजुली विस्तार गर्न थालेपश्चात् लघु जलविद्युत विस्थापितजस्तै हुन पुगेको छ । ग्रिडको बिजुली पहुँचका कारण लघु जलविद्युत आयोजनाहरूको मर्मत-सम्भार र पुनःसञ्चालन छायामा पर्न गएको हो ।

सन् २००० (वि.सं. २०५७) पश्चात् जलविद्युत क्षेत्रमा निजी क्षेत्रको प्रविष्ट हुनु २५ वर्षको अवधिमा निजी क्षेत्रको जडित क्षमता २२ सय मेगावाट पुग्नु, नेपाल विद्युत प्राधिकरण र नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनीको जडित क्षमता ११ सय मेगावाट पुग्नु, राष्ट्रिय ग्रिडमार्फत विद्युत प्रवाह गरिनु आदि कारण लघु जलविद्युत आयोजनहरू छायामा परेका हुन् । र, अहिले लगानीकर्ता लघु जलविद्युतभन्दा ठूला आयोजनातर्फ आकर्षित भइरहेका छन् । सोही कारण सन् २०२३-२४ (वि.सं २०८०-८१) असोजसम्ममा लघु तथा साना जलविद्युत आयोजनाबाट ३७.९४ मेगावाट मात्र ऊर्जा उत्पादन हुन सकेको हो । तीतो शब्दमा भन्नुपर्दा पछिल्लो समयमा लघु जलविद्युत आयोजनाको उपादेयता र अस्तित्व संकटमा परेको छ भन्दा अत्युक्त हुँदैन । सोही कारण लगानीकर्ता निराश बनेका हुन् ।

भुल्नै नहुने कुरा भनेको लघु जलविद्युत आयोजना स्थानीय स्रोतसाधन र पहलमा उत्पादन गर्न सकिने जवविद्युतभित्रकै एउटा संघटन हो । लघु जलविद्युत प्रवर्द्धन हुनु भनेको नेपाल विद्युत प्राधिकरणको बोझ न्यून हुनु मात्र नभई दूरदराजमा बस्ने सामान्य नागरिकको जीवनशैली एवं आय-आर्जन क्षमता वृद्धि हुनु पनि हो ।

लघु जलविद्युत आयोजनको प्रवर्द्धन हुँदा निःसन्देह, जीवाश्म ऊर्जालाई स्वच्छ एवं नवीकरण ऊर्जाले विस्थापन गरी सन् २०४५ भित्र शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्न भरथेग हुन्छ । यसको अर्थ, लघु जलविद्युतलाई राष्ट्रिय ग्रिड प्रणालीले विस्थापन गरी हाइसन्चो मान्नु हुँदैन भन्ने नै हो । १ सय किलोवाट क्षमताको लघु जलविद्युत परियोजनालाई वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट अनुदान उपलब्ध हुनु, कार्य सुरु गर्नुअगावै जिल्ला जलस्रोत समितिमा दर्ता गराए पुग्नु, १ मेगावाट सम्मको आयोजनाको महसुल दर राष्ट्रिय प्रसारण प्रणालीमा नजोडी आफैंले निर्धारण गरी बिक्री-वितरण गर्न सक्नु लघु जलविद्युत आयोजना विकासका लागि अगाडि सारिएका सराहनीय कदमहरु हुन् ।

बगेर खेर गइरहेको पानी सदुपयोग गरी दुर्गम क्षेत्रमा बिजुली बत्ती उपलब्ध गराउनु, उत्पादित ऊर्जा कुटन-पिसन, घरेलु तथा साना उद्योग आदिमा प्रयोग गर्न सकिनु, बिजुली उत्पादनपश्चात् पुनः सिँचाइ वा पिउनका लागि पानी प्रयोग गर्न सकिनु, सामान्य टर्बाइन प्रयोग गरी विद्युत उत्पादन हुन सक्नु, विद्युतगृह, टर्बाइन, पाइप, जेनेरेटर जडानका लागि विशेष विज्ञता आवश्यक नपर्नु वा स्थानीय स्तरमा उपलब्ध सीपबाटै निर्माण गर्न सकिनु, परियोजनाको जोखिमको मात्रा नगन्य रहनु आदि लघु जलविद्युत आयोजनाका सबल पाटा हुन् ।

यसर्थ, लघु जलविद्युत आयोजनाको विकासलाई जीवनदान प्रदान गर्न ग्रिड पुगेका स्थानमा निर्मित आयोजनालाई मर्मतसम्भार गरी ग्रिडमा आबद्ध गर्नुपर्छ । स्थानीय र केन्द्र सरकारको साझेदारीमा पालिकास्तरीय लघु जलविद्युत योजना बनाउँदै मिनी ग्रिड निर्माण तथा सञ्चालनमा प्रोत्साहित गर्नुपर्छ । यसो गर्न सके लघु जलविद्यत आयोजनाहरूले पुनर्जीवन, पालिकाहरूको आयस्रोतमा वृद्धि र ग्रामीण विद्युतीकरणमा निःसन्देह टेवा पुग्छ । *(स्रोत: कारोबारदैनिक)*

# बागमतीमा आयोजना बैंक निर्माण अन्तिम चरणमा

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश सरकारले आयोजना बैंक निर्माण तथा संचालनको अन्तिम तयारी गरिरहेको छ । प्रदेश नीति तथा योजना आयोग अन्तर्गत रहने गरी सरकारले आयोजना बैंक निर्माणको काम अन्तिम अवस्थामा पुऱ्याएको हो ।

प्रदेश सरकारको बजेट विनियोजन प्रणालीलाई व्यवस्थित गर्न र योजना छनौट कार्य प्रभावकारी बनाउन आयोजना बैंक निर्माण तथा संचालनको तयारी गरिएको हो । केही प्रशासनिक कार्य सकेर आयोगले आयोजना बैंक संचालनको तयारी रहेको प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष गंगादत्त नेपालले जानकारी दिनुभयो । उहाँका अनुसार आयोजना बैंकको अधिकांश काम सम्पन्न गरी प्रणाली समेत विकास भइसकेको छ । केही प्राविधिक कार्य सम्पन्न गरेर आयोजना छनौट कार्यको प्रशिक्षण गराएसँगै संचालनमा ल्याउने गरी काम भइरहेको उहाँले जानकारी दिनुभयो ।

आर्थिक कार्यविधि तथा वित्तयी उत्तर दायित्व ऐन, २०७६ को दफा १७ आयोजना बैंकको व्यवस्था गरे अनुसार प्रदेश सरकारले उक्त कार्य अघि बढाएको नेपालले बताउनुभयो । प्रदेशको वार्षिक आयोजना छनौट कार्यविधि, २०७८ मा निर्माण गरी आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली सञ्चालन दिग्दर्शन, २०७८ जारी गरिसकेको उपाध्यक्ष नेपालले बताउनुभयो । आयोजना बैंकको औचित्य र अपरिहार्यताका विषयलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६७, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० र ११ ले समेत पुष्टि गरेको उहाँको भनाई छ ।

आयोजना बैंक संचालनका लागि आयोगले नीति तथा योजना तर्जुमा, आयोजना बैंक व्यवस्थापन, विधि र मापदण्डसहित आवधिक अनुगमन तथा मूल्यांकन, नीतिगत तथा कार्यगत अध्ययन अनुसन्धान कार्य गरेको छ ।

तीन तहको सरकारबीचको समन्वय गरेर आयोजना बैंक संचालनको तयारी गरिएको उहाँले बताउनुभयो । आयोजना बैंक संचालनका लागि आयोगले अन्तर प्रदेश, विकास साझेदार संस्थाहरुसंग समेत समन्वय गरेको छ ।

प्रदेश सरकारको आयोजना बैंक अभाव हुँदा वार्षिक बजेट कार्यक्रमका लागि आयोजना पहिचान, छनौट तथा रकम विनियोजनमा समस्या हुँदै आएको छ । प्रदेश नीति तथा योजना आयोगका अनुसार प्रदेश सरकारका आयोजनाहरु आवश्यकता र मागका आधारमा हुन नसक्दा समस्या भएको थियो । प्रदेश सरकारको बजेट कार्यक्रममा विज्ञ तथा नागरिक सहभागिता कम, जग्गा प्राप्ती प्रभावकारी नहुनु तथा दाता प्रभावित हुँदा समस्या भएको आयोगको निश्कर्ष रहेको छ ।

आयोजना बैंक नहुँदा प्रदेश सरकारको बजेट कार्यक्रममा योजनाको संख्या अत्यधिक हुने, लागत विश्लेषण तथा छनोट प्रक्रिया पुरा नहुने, जोखिम मुल्यांकनमा कमजोर, विश्लेषणमा प्राविधिक ज्ञानको कमी, वातावरणीय प्रभाव मूल्यांकन नहुने लगायतका समस्या हुँदै आएको थियो । बजेटमा समावेश भएका कार्यक्रमको विस्तृत सम्भाव्यता अध्ययन नहुनु, इन्जिनियरिङ डिजाइनको अभाव, स्रोत साधनको सुनिश्चितता नहुने समस्या व्यहोर्नु परेको आयोगको निश्कर्ष रहेको छ ।

आयोजना बैंक नहुँदा योजनाहरु कार्यान्वयन, सञ्चालन, अनुगमन, मूल्यांकन तथा पृष्ठपोषणमा समेत समस्या हुँदै आएको थियो । योजना मुल्यांकन तथा समिक्षा र गम्भिर्यता विधि नअपनाउनु, व्यवस्थापकीय लचकता र स्वायत्तताको अभावले समस्या भएको थियो । आयोजना कार्यान्वयनमा कमजोर समन्वय, कार्य योजनाको अभावले थप समस्या भएको आयोगको भनाई छ । आयोजना बैंकको अभावमा प्रदेश सरकारको कमजोर आन्तरिक प्रतिवेदन प्रणाली, नतिजामुखी अनुगमन र मूल्यांकन तथा कार्यान्वयन नहुनु अवस्था रहेको थियो ।

# ज्योति माविको अध्यक्षमा पुनः रम्तेल

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१८, हर्नामाडीस्थित ज्योति माध्यमिक विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा पुनः हर्क रम्तेल सर्वसम्मत चयन हुनुभएको छ । आइतबार भएको विद्यालयको अभिभावक भेलाले अभिभावकबाट हर्क रम्तेल, तिलक बहादुर निरौला (प्रकाश), कुसुम थामी र प्रमिला थापालाई सदस्यमा सर्वसम्मत चयन गरेको थियो ।

अभिभावकबाट सदस्य निर्वाचित भएपछि व्यवस्थापन बैठकले विमला विसुङ्के र बसन्ती थिङलाई सदस्यमा मनोनित गरेको थियो । वडा प्रतिनिधिको रुपमा वडा अध्यक्ष अनिल कुमार बानियाँ नै सहभागी हुनुभएको छ । शिक्षक प्रतिनिधि भने चयन हुन बाँकी रहेको रम्तेलले जानकारी दिनुभयो । १२ कक्षासम्म पठनपाठन हुने ज्योति माध्यमिक विद्यालयमा एक हजार २ सय विद्यार्थी अध्ययनरत् रहेको प्रधानाध्यापक जयराम थापाले जानकारी दिनुभयो ।

सामुदायिक रेडियो,
रेडियो निकास ९३.४
मेगाहर्ज
सुनौं र
सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

के तपाई अटो व्यावसायी बन्दै हुनुहुन्छ ?

यदि स्वरोजगार अटो व्यावसायी बन्दै हुनुहुन्छ भने यी कुराहरुमा विचार गर्नुहोस्
- सवारी कुन कुन क्षेत्रमा सञ्चालन गर्न पाउने हो ।
- तपाई सवारी चालक बन्नको लागि सवारी चालक अनुमतीपत्र, प्राप्त चालक हो कि होइन ?
- सवारीका सम्पुर्ण कागजातहरु नवकीरण छन कि छैनन् ?

अध्यक्ष नवराज घिमिरे एवम्
नेपाल अटो ई-रिक्सा व्यावसायी संघ परिवार
हेटौंडा-४, मकवानपुर

रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



सम्पर्क
मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६
स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर

# एसईईको तयारीमा विद्यालय

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय परीक्षा बोर्डले आगामी चैत ७ गतेबाट माध्यमिक शिक्षा परीक्षा (एसईई) सुरु गर्ने गरी परीक्षा तालिका सार्वजनिक गरिसकेको छ । एसईईको तालिका सार्वजनिक भएसँगै मकवानपुरका विद्यालय परीक्षाको तयारीमा लागेको छ । निजी तथा आवासीय विद्यालय अर्गनाईजेसन नेपाल मकवानपुरले केन्द्रिय परीक्षा तालिकाअनुसार आइतबारबाट एसईई अभ्यास परीक्षा सुरु गरेको छ । यता सामुदायिक विद्यालयले भने विद्यालय अनुकुल परीक्षाको तयारी गरिरहेका छन् । कोचिङ कक्षा, नियमित पठनपाठन, अभिभावकसँग छलफल तथा भेटघाट र परीक्षा संचालन गरेर विद्यार्थीलाई एसईईको तयारी गरिरहेका छन् ।

मकवानपुरका राक्सिराङ, बैकया, इन्द्रसरोवर, कैलाश, मनहरी, भीमफेदी, मकवानपुरगढी, भीमफेदी गाउँपालिका, थाहा नगरपालिका र हेटौँडा उपमहानगर पालिकाभित्र सञ्चालित विद्यालयले विद्यालय अनुकुल परीक्षा सञ्चालन गरिरहेको जनाएको छ । थाहा नगरपालिकाको शिक्षा विकास शाखाका शिक्षा अधिकृत सूर्यबहादुर थिङकाअनुसार १७ वटा विद्यालयबाट २ सय ७४ छात्रा र २ सय ५६ गरी ५ सय ३० विद्यार्थी एसईईमा सहभागी हुने बताउनुभयो । मकवानपुरका कुनै पनि पालिकाले एसईईका लागि एसईई अभ्यास परीक्षा लिने गरेको छैन । तर संस्थागत विद्यालयमा भने आइतबारबाट एसईई अभ्यास परीक्षा सुरु भएको उहाँले जानकारी दिनुभयो ।

यसैगरी मकवानपुरको विकट राक्सिराङ गाउँपालिका शिक्षा शाखाका शिक्षा अधिकृत पंकज थारुकाअनुसार ६ वटा विद्यालयबाट २ सय ५७ जना विद्यार्थी एसईईमा सहभागी हुने जानकारी दिनुभयो । भीमफेदी गाउँपालिका शिक्षा शाखाका प्रमुख चक्र साउदका अनुसार अंग्रेजी, विज्ञान र गणित विषयको अतिरिक्त कक्षा सञ्चालन गरेर विद्यालयले एसईईको तयारी गरिरहेको बताउनुभयो ।

टाढादेखि विद्यार्थी पढ्न आउनुपर्ने बाध्यताका कारण सबै विद्यार्थी उपस्थित नहुने गरेको उहाँको भनाई छ । राष्ट्रिय परीक्षा बोर्डले परीक्षाको तालिका सार्वजनिक गरेको अवस्थामा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले भने एसईईमा सहभागी विद्यार्थी तथ्यांक सार्वजनिक गर्न सकेको छैन । तोकिएको समयमा विद्यालयले विद्यार्थीको विवरण उपलब्ध गराउन नसक्दा तथ्यांक सार्वजनिक गर्न ढिलाई भएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले जनाएको छ ।

## ज्ञानोदय बोर्डिङको वार्षिक खेलकुद सुरु

# पहिलो दिन १ सय र २ सय मिटर दौड सम्पन्न



समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित ज्ञानोदोय बालबाटिका एकेडेमी बोर्डिङ स्कूलको वार्षिक साताव्यापी खेलकुद कार्यक्रम सुरु भएको छ । सोमबारबाट हेटौंडा-४ स्थित हुप्रचौरमा कार्यक्रम सुरु भएको हो ।

विद्यालयका क्याप्टेन स्वर्णीम रञ्जितकारको सभाध्यक्ष तथा प्रिन्सिपल बिन्दु गोर्खालीको प्रमुख आतिथ्यमा प्रतियोगिताको उद्घाटन समारोह भएको छ । शुक्रबारसम्म चल्ने प्रतियोगितामा कक्षा-६ देखि कक्षा-९ सम्मका विद्यार्थीको सहभागिता रहेको छ ।

प्रतियोगिता अन्तर्गत पहिलो दिन एथ्लेटिक्सतर्फको १ सय मिटर र २ सय मिटर दौडको प्रतिस्पर्धा सम्पन्न भएको विद्यालयका अतिरिक्त क्रियाकलाप संयोजक प्रितेश कलवारले जानकारी दिनुभएको छ । उहाँका अनुसार मंगलबारसम्म फुटबल, क्रिकेटलगायतका खेलहरु सञ्चालन हुनेछन् भने बुधबार, बिहीबार र शुक्रबार इन्डोरका खेलहरु सञ्चालन हुनेछन् ।

सोमबार कक्षा ५ देखि ९ सम्मका छात्र/छात्राको सहभागितामा १ सय मिटर दौड र कक्षा ६ देखि ९ सम्मका छात्र/छात्राको सहभागितामा २ सय मिटर दौड सम्पन्न भएको छ । १ सय मिटर दौडमा छात्रतर्फ कक्षा ५ बाट सुरज शाह प्रथम, आरज्ञ चौलागाईं द्वितीय र विशेष स्याङ्तान तृतीय भएका छन् । कक्षा ६ बाट आयुष विश्वकर्मा, मोहित अधिकारी र ओस्कार सेञ्चुरी क्रमशः प्रथम, द्वितीय र तृतीय भएका छन् । यस्तै, कक्षा ७ बाट आसिफ सिद्धकी प्रथम, सरोज रुम्बा द्वितीय र समीर राजथला तृतीय भएका छन् । कक्षा ८ बाट पंकज चौधरी, आर्यन लामा र नयन मानन्धर क्रमशः प्रथम, द्वितीय र तृतीय भएका छन् भने कक्षा ९ बाट मधु आले मगर प्रथम, रिजन मानन्धर द्वितीय र गणेश बिरु तृतीय भएका छन् ।

छात्रातर्फ १ सय मिटर दौडमा कक्षा ५ की रस्मिका दहाल प्रथम, परी शिवाकोटी द्वितीय र आश्रिता बर्तौला तृतीय भएकी छिन् । कक्षा ६ की एलना राजथला प्रथम, आयुश्री कंसाकार द्वितीय र साइना खातुन तृतीय भएकी छिन् । कक्षा ७ की रुथ लामा प्रथम, टिना लामा द्वितीय र सुप्रिया श्रेष्ठ तृतीय भएकी छिन् । कक्षा ८ की कृषा बानियाँ प्रथम, संस्कृति गिरी द्वितीय र प्रविसा अधिकारी तृतीय भएकी छिन् । यस्तै, कक्षा ९ की निस्मा गौतम प्रथम, परिधि वैद्य द्वितीय र निशिका जोशी तृतीय भएकी छिन् ।

२ सय मिटर दौडमा छात्रतर्फ कक्षा ६ का आयुष विक, मोहित अधिकारी र रोयन लामा क्रमशः प्रथम, द्वितीय र तृतीय भएका छन् । कक्षा ७ का असिफ सिद्धकी, आदित्य न्यौपाने र रसिक मोहम्मद क्रमशः प्रथम, द्वितीय र तृतीय भएका छन् । कक्षा ८ बाट पंकज चौधरी, सुवास घलान र आर्यन लामा क्रमशः प्रथम, द्वितीय र तृतीय भएका छन् । कक्षा ९ का मधु आले मगर प्रथम, गणेश गिरी द्वितीय र रिजन मानन्धर तृतीय भएका छन् ।

छात्रातर्फ कक्षा-८ बाट कृषा बानियाँ प्रथम, प्रविसा अधिकारी द्वितीय र संस्कृति गिरी तृतीय भएकी छिन् । कक्षा-९ बाट निश्मा गौतम प्रथम, निशिका जोशी द्वितीय र परिधि वैद्य तृतीय भएकी छिन् ।

वार्षिक खेलकुद प्रतियोगिता अन्तर्गत क्रिकेट, फुटबल, भलिबल, व्याड्मिन्टन, बास्केटबल, टेबल टेनिस, स्क्र्याबल, हाजिरीजवाफ, बिस्तारै दौडलगायतका प्रतियोगिताहरु सञ्चालन हुनेछन् । बोर्डिङले वार्षिकरुपमा खेलकुद कार्यक्रम आयोजना गर्दै आएको छ । प्रतियोगितामा करिब २ सय जना विद्यार्थीको सहभागिता रहने संयोजक कलवारले बताउनुभयो ।

विद्यार्थीलाई खेलकुदको महत्वबारे बुझाउन, रुचि क्षमताको अभिवृद्ध गर्न र एक अर्काबीच भातृत्व कायम गराउनका लागि प्रतियोगिता आयोजना गरिएको उहाँको भनाइ छ । प्रतियोगितामा प्रत्येक खेलमा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुलाई क्रमशः स्वर्ण, रजत र काँस्य पदकसहित प्रमाणपत्र प्रदान गरिनेछ ।

# एमाले भीमफेदी कमिटीको बैठक

समाज संवाददाता

हेटौंडाः नेपाल कम्युनिष्ट पार्टी (एमाले) को भीमफेदी गाउँपालिका कमिटीको बैठक सम्पन्न भएको छ । बैठकमा नेकपा एमालेको नीतिलाई जनतासम्म पुऱ्याउने विषयमा छलफल भएको हो ।

शुक्रबार बसेको एमाले गाउँपालिका कमिटीको दोस्रो पूर्ण बैठकले एमाले पार्टीमा रहेको नीति र सिद्धान्तलाई जनतासम्म पुऱ्याउने विषयमा छलफल भएको पार्टी गाउँपालिका कमिटी अध्यक्ष सीताराम थापाले जानकारी दिनुभयो । नेकपा एमाले मकवानपुर जिल्ला कमिटी बैठकको सर्कुलरको आधारमा जनतासँग जनसंगठन अन्तर्गत ३ महिने अभियान सञ्चालन गर्ने विषयमा छलफल गरिएको उहाँले बताउनुभयो । गाउँपालिकाभित्र रहेको वडा कमिटीको जनवर्गीय कार्यक्रमहरुको विषयमा केन्द्रित रहेर छलफल गरिएको अध्यक्ष थापाको भनाइ छ ।

पार्टीमा सदस्यता थप र सदस्यता नवीकरणको विषयमा बैठकमा छलफल भएको उहाँले बताउनुभयो । नेकपा एमालेको केन्द्रीय पार्टी कार्यालयको भवन निर्माणको विषयमा पनि छलफल गरिएको अध्यक्ष थापाको भनाइ छ । आगामी चैत मसान्तसम्म पार्टीमा आवद्ध भएका पदाधिकारीहरुले सदस्यता नवीकरणको काम सम्पन्न गर्नुपर्ने निर्णय बैठकले गरेको उहाँले बताउनुभयो ।

स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन अन्तर्गत अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु)ले सञ्चालन गर्ने अभियानमा सहयोग गरिने उहाँले बताउनुभयो । गाउँपालिका कटिमीको बैठकमा सत्तारुढ दलका प्रमुख सचेतक मधेशकुमार बर्तौला, एमाले बागमती प्रदेश कमिटीकी सदस्य भगवती पुडासैनी, जिल्ला कमिटीका सदस्य सन्तोष पौडेललगायतको उपस्थिति रहेको थियो ।

# बालमैत्रीको कामकारबाहीबारे समीक्षा

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले सोमबार बालमैत्री स्थानीय शासनयुक्त घोषणाबारे भइरहेको कामकारबाहीको समीक्षा गरेको छ । घोषणाका लागि आवश्यक सूचक हासिल गर्नु उपलब्धि भएको समीक्षाबाट निष्कर्ष निकालिएको हो ।

हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामाको संयोजकत्वमा बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा मूल समारोह समिति गठन गरिएको छ । हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको संयोजकत्वमा सचिवालय गठन गरिएको छ । यस्तै, वडाका अध्यक्षहरुको संयोजकत्वमा विभिन्न उपसमिति पनि गठन गरिएको छ । हेटौंडा उपमहानगरपालिका प्रशासकीय प्रमुख सूर्यप्रसाद गौतमको संयोजकत्वमा कार्यदल गठन गरिएको छ ।

हेटौंडा उपमहानगरपालिका महिला बालबालिका तथा समावेशीकरण महाशाखाकी प्रमुख विष्णुकुमारी लामिछानेका अनुसार १४ वटा वडा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिसकिएको छ । उपमहानगरपालिकाको १ नम्बर वडालाई ११ गते, ३ नम्बर वडालाई १३ गते र १५ नम्बर वडालाई १५ गते बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिने उहाँले जानकारी दिनुभयो । १४ नम्बर वडा भने बालमैत्री स्थानीय शासनयुक्त घोषणाको तयारीमा नरहेको उहाँले बताउनुभयो ।

विभिन्न व्यस्तताका कारण वडाले बालमैत्री वडा घोषणा गर्न नसके उपमहानगरपालिकासँगै घोषणा गरिने उहाँले बताउनुभयो । बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणाका लागि जिल्ला समन्वय समिति मकवानपुरको स्वीकृति लिइसकेको र अब बागमती प्रदेश सरकारको सिफारिस लिएर घोषणाको तयारीमा उपमहानगर रहेको महाशाखा प्रमुख लामिछानेको भनाइ छ ।

# लागूऔषध गाँजासहित हेटौंडाबाट २ जना पक्राउ




समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिका-१ स्थित चिरुवा खोलामा डुबेर १३ वर्षीया रुविना तामाङको मृत्यु भएको छ । असोज २८ गते सोमबार दिउँसो ४ बजेको समयमा रुविनासहित ३ जना पौडी खेल्न चिरुवा खोला गएका थिए ।

ललितपुर जिल्ला घर भई हाल बागमती गाउँपालिका-१, हात्तीढुंगास्थित मामाघरमा बस्दै आएकी रुविनाको खोलामा डुबेर मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ । रुविनाको शव पोष्टमार्टमका लागि हेटौँडा अस्पताल पुऱ्याइएको प्रहरीले जनाएको छ ।

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

"बालबालिकामा लगानीः सुनिश्चित भविष्यको थालनी"
हेटौडा उपमहानगरपालिका
१८ नं. वडा कार्यालय
निकृष्ट बालश्रम मुक्त, बालविवाह मुक्त,
बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा समारोह
गर्न लागिएको हुँदा सम्पूर्ण बालबालिकाहरूको बाल अधिकार सुनिश्चितता गर्दै बालमैत्री स्थानीय शासनयुक्त वडाको दिगोपनामा अग्रसर हुन सम्पूर्ण वडाबासीहरूमा हार्दिक अनुरोध गर्दै कार्यक्रममा उपस्थितिको लागि सादर निमन्त्रणा गर्दछौं ।
मितिः २०८१ माघ ९ गते, बुधबार
ऱ्याली सुरु हुने समयः बिहान १०ः ०० बजे
ऱ्याली सुरु हुने स्थानः रामधुनी चोक, हेटौडा-१८, हर्नामाडी
घोषणा समारोह स्थलः श्री ज्योति माध्यमिक विद्यालयको प्राङ्गण
हेटौडा-१८, हर्नामाडी
आयोजकः
हेटौंडा उपमहानगरपालिका १८ नं. वडा कार्यालय

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ